मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Exucative Municipal
मक्राञ्चुली, मकवानपुर
Makranchuli, Makawanpur

makawanpurgadhi.rmc@gmail.com
Website:makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश,नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref.): २०७८/०७९
चलानी नं. (Dispatch no.) : ६६६

मिति:२०७८।०६।१९

श्री वडा कार्यालय (सबै),
मकवानपुरगढी गाउँपालिका ।

**विषय : मतदाता नामावलीमा नाम दर्ता गराउन पेश गर्नुपर्ने कागजपत्र सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रदेश निर्वाचन कार्यालयको प.स.च.न. २०७८।०७९/५५, मिति २०७८।०६।१७ को पत्र यसै साथ संलग्न गरि पठाईएको छ । सोहि पत्रबाट व्यहोरा बुझि आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन, साथै वडा कार्यालयको सुचना पाटिमा टाँस गरी प्रचार प्रसार गरिदिनु हुन अनुरोध छ।

.....................................
राम कुमार पुडासैनि
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

निर्वाचन आयोग
**प्रदेश निर्वाचन कार्यालय**
**प्रदेश नं. १, विराटनगर**

इमेल : electionmorang@yahoo.com
फोन/फ्याक्स: 021-472990

विराटनगर- १०, तिनटोलिया सोमबारे हाट

प.सं. ०७७/०७८
च.नं. :

मिति :- २०७८/०६/१७

विषय : मतदाता नामावलीमा नाम दर्ता गराउन पेश गर्नुपर्ने कागजात सम्वन्धमा ।

श्री सबै स्थानीय तहहरु,
मोरङ ।

उपरोक्त विषयमा मतदाता नामावलीमा नाम दर्ता गराउन नागरिकतामा उल्लेख भएको स्थायी ठेगानामा नाम समावेश गर्न चाहनेको हकमा नेपाली नागरिकता प्रमाणपत्र वाहेक अन्य थप प्रमाण आवश्यक नपर्ने तर नागरिकतामा उल्लेख भएको स्थायी ठेगाना भन्दा फरक स्थायी ठेगाना राखी नाम समावेश गर्नेको हकमा नाम दर्ता गर्न चाहेको स्थानमा वसाई सरी आएकोमा वसाई सराई प्रमाणपत्रको प्रतिलिपी (एउटै स्थानीय तहभित्रको फरक वडाको हकमा समेत) तथा नामदर्ता गर्न चाहेको स्थानमा विवाह भई आएकोमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गरी नाम दर्ता गर्ने व्यवस्था भएकोले तहाँ महानगरपालिका/नगरपालिका/गाउँपालिका सवै वडाहरुमा समेत जानकारी गराई दिन हुन अनुरोध छ ।

पूनश्च :- कुनै गाउँपालिका वा नगरपालिको सम्वन्धित वडामा वसोवास गर्दै आएको भनि .सिफारिस गरिएका अन्य प्रमाणलाई स्थायी ठेगानाको आधार नमानिने भनि निर्वाचन आयोगवाट मिति २०७८/०५/१६ मा परिपत्र भएकोले सोही व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०७८/०६/१६

(लेवन काश्यप अधिकारी)
प्रदेश निर्वाचन अधिकारी

प्रदेश निर्वाचन अधिकारी